नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिबालय
**केन्द्रीय तथ्याङ्क विभाग**
# राष्ट्रिय आर्थिक गणना २०७५
**जिल्ला आर्थिक गणना कार्यालय**
गुल्मी

पत्र संकेत : ०८४।७५
च.नं. : ७१

मिति :२०७४।१२।०९

**विषय :– कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।**

केन्द्रीय तथ्यांक विभागबाट देशव्यापी रुपमा सञ्चालन हुन गइरहेको प्रथम **राष्ट्रिय आर्थिक गणना २०७५** का लागि गुल्मी जिल्लामा मिति २०७५ बैशाख १ गतेदेखि २०७५ जेठ मसान्तसम्म स्थलगत तथ्यांक संकलनको लागि तपशिल बमोजिमका कर्मचारी करारद्वारा पूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट मिति २०७४।१२।०९ गते देखि २०७४।१२।१५ गते कार्यालय समय सम्म जिल्ला आर्थिक गणना कार्यालय गुल्मीमा आइपुग्ने गरी रित पूर्वकको निवेदन आह्वान गरिन्छ ।

तपशिल

| | |
|---|---|
| पद | गणक |
| संख्या | ३४ |
| करार अवधि | २०७४ चैत्र २० देखि २०७५ असार ५ गते सम्म ( २ महिना १५ दिन ) |
| काम गर्नुपर्ने क्षेत्र / कार्य | गुल्मी जिल्लाका सबै स्थानीय तहहरुमा रहेका आर्थिक एकाईमा पुगी तथ्यांक संकलन गर्ने |
| आवश्यक न्युनतम योग्यता | • १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको नेपाली नागरिक<br>• कम्तीमा १०० पूर्णाङ्कको गणित वा तथ्याङ्क बिषय लिई विज्ञान वा व्यवस्थापन वा शिक्षा वा इन्जिनियरिङ वा बन विज्ञान संकाय अन्तर्गत प्रवीणता प्रमाणपत्र तह वा १० जोड २ उत्तीर्ण गरेको |
| वाञ्छनीय योग्यता | • सूचना प्रविधि जस्तै कम्प्युटर, ट्यावलेट स्मार्टफोन प्रयोग गर्न सक्ने<br>• मिलनसार, आकर्षक तथा स्थानिय भाषामा बोल्न, बुझ्न र अरुलाई बुझाउन सक्ने |
| सुविधा | रा.प. अनं. द्वित्तिय श्रेणिको सुरु स्केल (रु २२,१७०।-) बराबरको आर्थिक गणना निश्चित रकम (दैनिक भ्रमण भत्ता नहुने) |
| निवेदन दिने अन्तिम मिति | २०७४।१२।१५ गते कार्यालय समय ( बेलुका ५ बजे) भित्र |
| पेश गर्नुपर्ने कागजात | नागरिकताको प्रतिलिपि, २ प्रति पासपोर्ट साइजको फोटो, न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि |
| छनोटको आधार | दरखास्त दिएका व्यक्तिहरुको शैक्षिक योग्यता, उमेर र निर्देशिकामा उल्लेखित अन्य योग्यता पुगे नपुगेको छानविन गरी योग्यता पुगेका उम्मेदवार हरुको छोटो सूची (Short List) प्रकाशित गरिने छ । उक्त छोटो सुचिमा समावेश भएका उम्मेदवारहरु मध्येबाट आर्थिक गणना अधिकृतले अन्तर्वार्ता मार्फत आवश्यक संख्यामा छनोट गरिने छ । छोटो सुचि प्रकाशित गर्दा देहायका गणना क्षेत्र समावेश भएका सुपरिवेक्षकको कार्यक्षेत्रगत रुपमा आवश्यक संख्याको २५ % थप गरि प्रकाशन गरिने छ ।<br>क) रेसुङ्गा नगरपालिका ख) धुर्कोट, मदाने, मालिका गाउँपालिका<br>ग) इस्मा गाउँपालिका र मुसिकोट नगरपालिका घ) गुल्मी दरबार, छत्रकोट र रुरु गाउँपालिका<br>ङ) चन्द्रकोट, कालिगण्डकी र सत्यवती गाउँपालिका<br>उपर्युक्तानुसारको कुनै कार्यक्षेत्रमा आवश्यक संख्यामा योग्यता पुगेका आवेदकहरुको संख्या नपुगेमा सो कार्यक्षेत्रसंग जोडिएका अर्को कुनै कार्यक्षेत्रबाट र सो बाट पनि अपुग हुने भएमा आवेदक बढि भएको कुनै पनि क्षेत्रबाट अपुग हुने संख्या थप गर्न सकिनेछ । दरखास्तवालाहरुले प्रविणता प्रमाणपत्र तह वा १० जोड २ तह उक्तिर्ण गर्दा प्राप्त गरेको अंकको प्रतिशतको आधारमा योग्यताक्रम निर्धारण गरि (उच्च प्रतिशत प्राप्त गर्ने उम्मेदवारबाट क्रमश आवश्यक संख्यामा ) प्रकाशित गरिनेछ । बराबर प्राप्तांक प्रतिशत भएमा गणित बिषयमा बढि अंक प्राप्त गर्ने उम्मेदवारलाई छनोट गरिनेछ । |
| नोट | स्थानिय तह बमोजिमका उम्मेदवारलाई प्राथमिकता दिईनेछ तर छनोट भएका उम्मेदवारलाई जिल्लाको जुनसुकै स्थानमा खटाउने अधिकार कार्यालयलाई रहनेछ । राष्ट्रिय आर्थिक गणना निश्चित समयावधिमा सम्पन्न गर्नुपर्ने भएकोले उक्त अवधिमा आवश्याकता अनुसार पुरा समय (बिहान बेलुका समेत) तथ्यांक संकलन कार्यमा खटिनुपर्ने हुन सक्नेछ । |

...................
आर्थिक गणना अधिकृत
आर्थिक गणना अधिकृत
( देवु प्रसाद अर्याल )